# मिथिला नगरपालिका

## व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि – २०७७

**नगरपालिकाबाट स्विकृत मितिः- २०७७।०४।०२**
**प्रमाणिकरण मितिः- २०७७।०४।०२**

**मिथिला नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**ढल्केबर, धनुषा**

## परिच्छेद–१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "मिथिला नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि–२०७७" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगको अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यालय"भन्नाले यस मिथिला नगरपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) "शाखा"भन्नाले यस मिथिला नग।पालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनुपर्नेछ।

(ग) "वडा कार्यालय"भन्नाले यस मिथिला नगरपालिका अन्तर्गतका ११ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ ।

(घ) "नगर प्रमुख"भन्नाले यस मिथिला नगरपालिकाको नगर प्रमुख सम्झनुपर्नेछ ।

(ङ) "उपप्रमुख"भन्नाले यस मिथिला नगरपालिकाको उपप्रमुख सम्झनुपर्नेछ ।

(च) "कार्यपालिका सदस्य"भन्नाले यस मिथिला नगरपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले यस मिथिला नगरपालिकाको प्रमुख प्रशासकीय अधिकुत सम्झनुपर्नेछ ।

(ज) "वडा समिति"भन्नाले यस मिथिला नगरपालिकाको ११ वटै वडाका समितिहरु सम्झनुपर्नेछ।

(झ) "व्यवसायी"भन्नाले यस मिथिला नगरपालिका भित्रका सम्बन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनुपर्नेछ ।

(ञ) "कार्यविधि"भन्नाले "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि–२०७७" सम्झनुपर्नेछ।

### ३. क्षेत्र

मिथिला नगरपालिका क्षेत्र भित्रका सबै व्यवसायहरुलाई यस कार्यविधिले समेट्नेछ ।

### ४. विषयगत क्षेत्र

विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

(क) दैनिक उपभोग्य समाग्रीहरु खाद्यान्न, थोक तथा खुद्रा पसल

(ख) होटल व्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखाना

(च) कृषि फर्म

(छ) औषधि पसल आदि ।

## परिच्छेद–२
## व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

### ५. व्यवसाय दर्ता प्रकृया

(१) व्यवसाय दर्ता गर्नुपर्नेः प्रत्येक व्यवसायीले नगरपालिकाको कार्यालयमा आ–आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

(२) सूचना प्रकाशन गर्नेः व्यवसाय दर्ताका लागि सूचना स्थानीय संचार माध्यमबाट प्रकाशन गरिनेछ ।

(३) तोकिएको समयभित्र व्यवसाय दर्ता गनुपर्नेः हाल संचालनमा रहेका सम्पूर्ण व्यवसायीले २०७६ चैत्र मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नुपर्नेछ । साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नुपर्नेछ ।

### ६. दर्ताका लागि आवश्यक कागजातहरु

६.१. व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची २ बमोजिमको ढाँचामा नगरपालिकाको कार्यालयमा निवेदन पेश गनुपर्नेछ ।

(१) हालसालै खिचेको २ प्रति पासपोर्ट साईजको फोटो

(२) नगरिकता प्रमाण पत्रको प्रतिलिपि

(३) वडा कार्यालयको सिफारिस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मन्जुरीनामा

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा
(७) उद्योग वाणिज्य संघको सिफारिसपत्र
(८) सर्जमिन मुचुल्का

**७. प्रमाणपत्र सम्बन्धी व्यवस्था**

(१) माथि ६.१ मा उल्लेखित कागजातहरु प्राप्त भईसके पश्चात तोकिएको दस्तुर लिईकार्यालयले अनुसूची–१ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाण पत्र दिनेछ ।

**८. व्यवसाय नविकरण सम्बन्धी व्यवस्था**

प्रत्येक व्यवसायीले आर्थिक वर्षको श्रावण मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा नगरकार्यपालिकाबाट नविकरण गरिसक्नुपर्नेछ ।

**९. व्यवसाय दर्ता तथा नविकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्था**

(१) व्यवसाय दर्ता/नविकरण सम्बन्धी शुल्क/दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
(२) आ.व. समाप्त भएपछि व्यवसाय दर्ता/नविकरण शुल्कमा नगरकार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।
(३) उपदफा (२) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/नविकरण शुल्कसम्बन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद–३
## अनुगमन तथा कारवाही

**१०. मूल्यसूची सम्बन्धी व्यवस्था**

सम्पूर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्ट सँग देखिने गरी मूल्यसूची राख्नुपर्नेछ ।

**११. बजार अनुगमन सम्बन्धी व्यवस्था**

(१) यस नगरपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ्य,व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ । बजार अनुगमनसम्बन्धी अन्य व्यवस्था "मिथिला नगरपालिका बजार अनुगमन निर्देशिका, २०७७"बमोजिम हुनेछ ।

**१२. दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्था**

"मिथिला नगरपालिका बजार अनुगमन निर्देशिका, २०७७"मा भएको व्यवस्था प्रतिकूल कार्य गरेमा सोही बमोजिम तथा देहायका कार्य गरेमा व्यवसाय दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ ।

(क) तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका समाग्रीहरु बेचबिखन गरेमा

(ग) कालाबजारी गरेमा

(घ) गुणस्तरहीन समाग्रीहरु बेचबिखन गरेमा

(ङ) म्याद नाघेका समाग्रीहरु बेचबिखन गरेमा

(च) चर्को मूल्यमा समाग्रीहरु बेचबिखन गरेमा

(छ) प्रदूषित, फोहोर समाग्रीहरु बेचबिखन गरेमा

**१३. कारवाही र जरिवाना सम्बन्धी व्यवस्था**

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोविमको तुरुन्त जरिवाना गरिनेछ

विवरण जरिवाना

(क) मूल्यसूची नराखेमा रु.१०००।-

(ख) प्रमाणपत्र नराखेमा रु.२०००।-

(ग) तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा रु.५०००।-

(घ) गुणस्तरहीन समाग्रीहरु बेचबिखन गरेमा रु.१००००।-

(ङ) म्याद नाघेका समाग्रीहरु बेचबिखन गरेमा रु.१००००।-

(च) बजार मूल्यभन्दा चर्को मूल्यमा समाग्रीहरु बेचबिखन गरेमा रु.१००००।-

(छ) प्रदूषित, फोहोर समाग्रीहरु बेचबिखन गरेमा रु.५०००।-

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसकेपश्चात कुनै पनि व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद-४

## विविध

### १४. बाधा अड्काउ सम्बन्धी व्यवस्था

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन नगरकार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

### १५. विशेष व्यवस्था

माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेल सम्म वा नगरपालिकाले बनाएको अर्को ऐन, कानुनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन् ।

**अनुसूची १**

**दफा (७) सँग सम्बन्धित**

**मिथिला नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**ढल्केवर, धनुषा**

**पदेश नं. २, नेपाल**

व्यवसाय दर्ता-प्रमाणपत्र

श्री........................................................

..............................................................

प्रस्तुत विषयमा तपाईलाई "मिथिला नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि-२०७७"को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरी मार्यादित तवरले आफ्नो व्यवसाय संचालन गर्नुहुन अनुरोध गरिन्छ ।

व्यवसायको प्रकार

स्थान

प्रमाणपत्र जारी गर्नेको

कार्यालयको छाप

## अनुसूची २

(दफा ६ सँग सम्बन्धित)

मिति

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत
मिथिला नगरपालिका
नगरपालिकाको कार्यालय

**विषयः व्यवसाय दर्ता गरि पाँऊ**

महोदय,

प्रस्तुत विषयमा मैले तपशीलअनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकाले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

व्यवसायको प्रकारः ..............................................................

संलग्न कागजातहरु

(१) हालसालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो

(२) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(३) वडा कार्यालयको सिफारिस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा

(७) उद्योग वाणिज्य संघको सिफारिस पत्र

(८) सर्जमिन मुचुल्का

<u>निवेदक</u>

नामः

ठेगानाः